आज मिति २०८१।०२।०६ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ११० औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| क.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | |
| १५ | श्री भरत कुमार वली | सचिव | |

<u>आमन्त्रित:</u>

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत
श्री विष्णु प्रसाद आचार्य -लेखापाल
श्री केशर सिंह खड्का -का स
श्री रमेश कुमार आचार्य - प्रा. स. शिक्षा

CamScanner

कपुरकोट गाउँपालिकाको मिति २०८१।०२।०६ गतेको ११० औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरु:

१. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम प्रस्ताव पेश सम्बन्धमा ।

२. वित्तिय समानीकरण अनुदान रोक्का सम्बन्धमा ।

३. भवानी मा वि को एक मा वि एक सिप विकास तालिममा थप भुक्तानी सम्बन्धमा ।

४. विविध.

- समिक्षा सम्बन्धमा ।
- रा १ ब ४४७ र रा १ व ६१२ नं को मोटरवाईक मर्मत सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

कपुरकोट गाउँपालिकाको मिति २०८१।०२।०६ गतेको ११० औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१. स्थानिय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट आशय पत्र माग भएकोले कपुरकोट गाउँपालिकावाट देहाय वमोजिमका प्रतिवद्धता सहित कार्यक्रम कार्यान्वयनका लागि आशय पत्र पेश गर्ने ।

क) गाउंपालिकाले मागमा आधारीत कार्यक्रमलाई प्राथमिकता दिदै कार्यक्रमसंग सम्वन्धीत स्थानिय पूर्वाधार विकासका लागि नविनतम र सुधारियको विधी प्रकृया अवलम्वन गर्दै स्थानिय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा वजेटको शिर्षकमा समावेश गरि खर्चको लेखाजोखा SuTRA र लेखा परिक्षण मार्फत गर्ने ।

ख) कार्यक्रमले तोकिएको मापदण्ड अनुसार स्थानिय तहवाट जिम्मेवारी वहन गर्नु पर्ने आर्थिक दायित्व सुनिश्चिततको लागि वार्षिक योजना तथा वजेटमा स्थानिय पूर्वाधार सहयोग कार्यक्रमसंगको सह लगानीको हिस्सा विनियोजन गर्ने ।

ग) योजनाको दिगोपनाको लागि पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्वन्धी कार्यविधी तथा निर्देशिका तयार गरि कार्यान्वयन गर्ने ।

घ) योजनाको पारदर्शिता, दिगोपना एवं व्यवस्थित कार्ययोजना निर्माणका लागि स्थानिय पूर्वाधार सम्वन्धी विवरण तयार गरि सो को जानकारीको आधारमा स्थानिय पूर्वाधार मर्मत संभारको योजना र वजेट तर्जुमा गर्ने ।

२. मिति २०८१।०१।१२ को महालेखा परिक्षकको कार्यालयको पत्रानुसार ७४.११ प्रतिशत मात्र समानीकरण अनुदान हस्तान्तरण गर्ने सम्वन्धी परिपत्रमा छलफल गर्दा हाललाई कार्यसम्पन्न भएका योजनाको भुक्तानी दिदै जाने र सम्झौता हुन बाँकी योजना आगामी वर्ष भुक्तानी (रोक्का भएको अनुदान नआएमा) गर्ने शर्तमा सम्झौता गर्ने र यस सम्बन्धमा पुन जेठ मसान्तपछि छलफल गरी आवश्यक निर्णय गर्ने ।

३. भवानी माध्यामिक विद्यालय सिनवाङ्गको एक मा.वि. एक सिप विकास तालिम अन्तरगत चमेनागृह निर्माण गर्दा अपुग भएको रु.१४४७५२/- सम्वन्धीत कार्यक्रम शिर्षकमा रकम थप गरि भुक्तानी दिने ।

४. यस कार्यालयको नाममा रहेका रा १ व ४४७ र रा १ व ६१२ नंबरको मोटरसाईकल पुरानोभई कार्यसंचालन निर्देशिका २०७९ को मापदण्ड अनुसारको रकमले मर्मत हुन नसक्ने अवस्था भएकोले हाललाई स्टिमेट अनुसारको मर्मत खर्च भुक्तानी गर्ने ।

५. हाल गाउँपालिकाको एम्बुलेन्स चालकलाई पालिका भित्र निशुल्क सेवाको हकमा बाहेक र ट्याक्टर/ट्यांकर चालकलाई गाउँपालिकाको आफ्नो काम र फोहरमैला लगायतका काममा बाहेक बेसिक तलबका अतिरिक्त सम्बन्धित चालकले गर्ने अतिरिक्त आम्दानीको १०% प्रोत्साहन रकम उपलब्ध गराउने ।

६. आगामी २ वर्षभित्र पूर्ण संस्थागत प्रसुति पालिका घोषणा गर्ने सम्बन्धी स्वास्थ्य शाखाको कार्ययोजना स्वीकृत गर्ने ।साथै यस पालिकाका ६ वटै स्वास्थ्य संस्थालाई आगामी २ वर्ष भित्र पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा घोषणा गर्ने ।